# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


२०७८।०१।१६

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ डडेलधुरा शाखा र सुदूरपश्चिम प्रदेशस्तरीय सूचना केन्द्रको भवन डिभिजन बन कार्यालयको नेतृत्वमा भत्काउने र क्षति पुऱ्याउने काम भएकोमा नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

डडेलधुरा शाखाका अनुसार विभिन्न निकाय र सरोकारवालासँग समन्वय र सहकार्य गरेर शाखाको नाममा भोगाधिकार रहेको जग्गामा रहेको तीन तले पक्की भवन वैशाख १६ गते प्रहरी बल प्रयोग गरी डोजर लगाएर भत्काउने र क्षति पुऱ्याउने काम भएको छ ।

कुनै पनि वहानामा शाखाको भोगाधिकार रहेको जग्गामा निर्माण भएको भवन भत्काउनु तथा क्षति पुऱ्याइएको यो घटना निन्दनीय हुनुका साथै कानुनविपरीतको कार्य हो । महासंघ घटनाको छानबिन गरी भवनमा पुऱ्याइएको क्षतिको क्षतिपूर्तिसहित शाखाको भवन उपभोग गर्ने वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

**रोसन पुरी**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org